स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

नियमित रुपमा मुख तथा गिजाको जाँच गराऔं, गम्भीर रोगबाट बचौं र बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



केकी अधिकारीको निर्माण र अभिनय रहेको फिल्म 'बोक्सीको घर'को गीत 'जिन्दगीको कथा यता न उता' सार्वजनिक भएको छ । गीतमा सुलक्षण भारतीको शब्द, मनिष निरौलाको संगीत, स्वीअरिती र निहारिकाको स्वर छ । भिडियोमा केकी र भारती फिचर्ड छन् । भिडियोमा उनीहरुको विवाह र त्यसपछिको अवस्थालाई देखाइएको छ । गीतले कथावस्तुलाई पूरै खुलाएको छैन । धेरै पक्षलाई रहस्यमै राखिएको छ । आठ वर्षअघि मञ्चन भएको नाटक 'बोक्सीको घर'माथि रहेर केकीले यो फिल्म निर्माण गरेकी हुन् ।

**आजको विचार...**



सुरेन्द्र पाण्डे

अर्थतन्त्रको...

(दुई पेजमा)

नेपाल युरोपियन युनियन फिल्म फेस्टिभलको १३ औं संस्करण सुरु भएको छ । 'ईयू-नेपाल सम्बन्धको ५० वर्ष : सांस्कृतिक विविधताको उत्सव' नारासहित फेस्टिभल भएको छ। सो अवसरमा अभिनेत्री उपासना सिंह ठकुरीलाई महोत्सवको दूतको रुपमा नियुक्त गरिएको छ ।



❐ वर्ष २९ ❐ अंक २३३ ❐ २०८० चैत ९ गते शुक्रबार 22 March 2024, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### देशभरका जिल्ला प्रशासनलाई गृहको निर्देशन



**काठमाडौं,** चैत ८/गृह मन्त्रालयले देशभरका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन जारी गरेको छ । शान्ति सुरक्षा, सेवा प्रवाह, सुशासन, नियमन, समन्वय र सहजीकरण गर्नुपर्ने विषयमा सक्रिय भूमिका निर्वाह गरी नागरिकप्रतिको भरोसा अभिवृद्धि गर्न भन्दै मन्त्रालयले निर्देशन जारी गरेको हो ।

चैत ७ गतेको मन्त्रिस्तरीय निर्णयानुसार मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयहरुलाई २१ बुँदे निर्देशन जारी गरेको छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले नागरिकले तत्काल अनुभूत गर्नेगरी स्थानीय प्रशासनको कामकारबाहीमा सुधार ल्याउन निर्देशन गरेअनुसार मन्त्रालयले उक्त निर्देशन जारी गरेको उनको सचिवालयले जनाएको छ । निर्देशनमा शान्तिसुरक्षा तथा अपराध नियन्त्रण, सामाजिक सञ्जालको मर्यादित प्रयोग र साइबर अपराध नियन्त्रण, आर्थिक अपराध नियन्त्रण, सडक सुरक्षा र सवारी दुर्घटना न्यूनीकरण, राजस्व चुहावट नियन्त्रण, प्रभावकारी सेवा प्रवाह, गुनासो व्यवस्थापन, कर्मचारी आचरण र अनुशासन, सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, विकास निर्माणका काममा समन्वय र सहजीकरण लगायत विषय समेटिएका छन् ।

# वन जोगाउन कस्सिए तानसेनका उपभोक्ता

## श्रीनगरमा सरसफाइ र अग्निरेखा

कृष्ण पोखरेल

**पाल्पा,** चैत ८/गर्मी महिनाको आगमनसँगै तानसेनका उपभोक्ताहरु आगलागी रोकथामका लागि वन सरसफाइमा जुटेका छन् । उनीहरूले सामुदायिक वन क्षेत्रभित्र पलाएको झारपात, साना बिरुवा, हाँगाबिगा, पातपतिङ्गर सरसफाइ सुरु गरेका हुन् ।

तानसेनको शिरमा रहेको श्रीनगर वनमा आवद्ध उपभोक्तहरू वनको झारपात सरसफाइ गर्न जुट्ने गरेका छन् । उनीहरू हसिया, कोदालोलगायतका घरेलु हतियार लिएर सरसफाइमा जुट्ने गरेका हुन् । गर्मी महिना शुरु भएसँगै दिनहुँ आगलागी तथा वन डढेलोका घटनाहरु बढ्दै गएका छन् । आगलागीबाट केही व्यक्तिको जलेर मृत्यु भएको छ भने करोडौको धनजनको क्षतिका घटना घटेका छन् । श्रीनगर जंगल सल्लै सल्लाले भरिएको जंगल हो । यहाँ प्रत्येक वर्ष भईरहेको आगलागीको घटनाले सिङ्गो जिल्लालाई तनाव दिने गरेको छ । यस वर्ष आगलागी हुन नदिन र भइहाले पनि क्षति हुन नदिन सदरमुकाम तानसेनबाटै श्रीनगर जंगलका बिच भागका गोरेटो बाटाहरुमा अग्निरेखा बनाउनुको साथै पात पतिङ्गर संकलनमा उपभोक्ता कस्सिएका छन् । फोहोरको थुप्रो बनाउने र उपभोक्ताको निगरानीमा जलाउने गरिएको छ । 'वन जोगाउने



उपभोक्ताबाटै हो, उपभोक्ता जागरुप सक्रिय भए वन जोगिन्छ, आगलागी भईहाले पनि निभाउन उपभोक्ता नै खटिनु पर्छ, त्यसैले आगलागी भएर खटिनु भन्दा आगलागी हुन नदिनको लागि हामी वनमा हिड्डुल गर्ने बाटाको तल माथि भएका पात संकलन गर्ने, बाटो सफा बनाउने अभियानमा जुटेका छौं' भुसालडाँडाका वन उपभोक्ता देवीदत्त शर्माले भने । अहिले जिल्लामा पनि छिटपुट रुपमा आगलागीका घटनाहरु सुनिन थालेका छन् । यो वर्ष पाल्पाको ५ वटा सामुदायिक वनको ४० हेक्टर क्षेत्रफलमा आगलागी भईसकेको छ । विशेषगरी सल्लाको जंगलमा बाक्लो रुपमा पात झरिसकेको छ, आगलागी पनि छिटो हुने भएकाले सबैघरका उपभोत्ताहरु आ-आफ्नो कुटो कोदालो, हसिया, फरुवा, लगायतका सरसमान सहित श्रीनगर जंगलमा खटिएको उकाले पिपल सामुदायिक वन उपभोक्ता समितिका सचिव विष्णु बस्यालले बताए । उपभोक्ताको सक्रियता तथा सचेतनाका कारण वन डढेलो तथा आगलागीका घटनाहरु नियन्त्रण गर्न सजिलो भएको छ । वन उपभोक्ताहरुलाई एकिकृत गरेर श्रीनगर वनको कैलाशनगरदेखि भुसालडाँडासम्मको वन क्षेत्रमा अग्निरेखाहरु बनाईएको छ । बाटाहरुमा झरेका पात पतिङ्गर सफा गरिएको छ । वनमा डढेलो लागेर आगो निभाउन खटिनु भन्दा आगलागीका घटना हुनै नदिने गरी सचेतनाका अभियानलाई प्रभावकारी बनाउन वनका उपभोक्ताहरु जुटेको एकिकृत श्रीनगर सामुदायिक वन उपभोक्ता समूहकी अध्यक्ष सुनिता शर्माले बताइन् ।

डिभिजन वन कार्यालय पाल्पाले गर्मी महिना सुरुवातसंगै पहिलो चरणमा वन उपभोक्ताहरुमा सचेतना अभियान चलाएको छ । आगलागीका घटनाहरु नियन्त्रण गर्ने प्रमुख उपाय नै वन जंगलमा अग्निरेखा बनाउने, झरेका पात पतिङ्गर संकलन गर्ने, र आगलागीको जोखिम कम भएको स्थानमा लैजाने वा निगरानीमा सोही स्थानमा जलाउने भएकाले सोही अनुसार उपभोक्ताहरु परिचालन गरिएको डिभिजन वन कार्यालय पाल्पाका प्रमुख वन अधिकृत नारायणदेव भट्टराईले बताए । वन डिभिजनको सचेतना अभियानमा उपभोक्तासँगै नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेनाले सहयोग गरेका छन् । तानसेनको श्रीनगरबाट शुरु भएको यो नौलो अभियानलाई जिल्लाभरीका सामुदायिक वनहरुमा लागु गरिने प्रमुख भट्टराईले बताए ।

डिभिजन वनले डढेलो जोखिम कम गर्न जनचेतना अभियान अन्तर्गत जिल्लाका सरोकारवाला निकाय, प्रहरी प्रशासनदेखि उपभोक्ताहरु सचेत तथा जागरुक बनाएको छ । सब डिभिजन वन कार्यालय मार्फत पाल्पाका १० वटै स्थानीय तहका सामुदायिक वनका सबै उपभोक्ताहरुलाई आगलागीका घटना हुन नदिन, भइहालेमा अपनाउनुपर्ने अवस्थाको बारेमा छलफल अन्तर्क्रिया मार्फत सचेतनाको अभियान सञ्चालन भइरहेको डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकृत संयोग बस्नेतले बताए । वन डढेलो नियन्त्रण अभियानका हरेक सचेतना कार्यक्रमदेखि वन जंगलमा अग्निरेखा बनाउने, झरेका पात पतिङ्गर संकलन तथा जलाउने काममा उपभोक्तासँगै हामी वनका कर्मचारी, चार वटै तहका सुरक्षाकर्मीहरु पूर्णरुपमा खटिएका छौं, सबै पक्षको मिलेमोतोमा भएको प्रभाव राम्रो र दीर्घकालीन हुने श्रीनगर वन क्षेत्रमा अग्निरेखा निर्माणमा खटिएका वन अधिकृत रामचन्द्र लामाले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

## आज विश्व पानी दिवस, नेपालमा पनि मनाइँदै

**पाल्पा,** चैत ८/विश्व पानी दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । जलाधार क्षेत्रको संरक्षण, स्वच्छ पिउने पानीको अभावमा मानव शरीरमा लाग्ने रोगलगायत पानीको महत्वबारे सर्वसाधारणमा चेतना जगाउन सरकारी तथा विभिन्न गैरसरकारी संघ संस्थाले विविध कार्यक्रम गरी यो दिवस मनाउँदै छन् ।

प्रत्येक वर्ष मार्च २२ तारिखका दिन यो विश्वभर मनाउने गरिन्छ । नेपालमा पनि विभिन्न जनचेतनाका कार्यक्रम गरी दिवस मनाइँदैछ । विश्वभर पानीका स्रोत क्रमश: सुक्दै गएकाले तिनको संरक्षणमा संसारका सबै राष्ट्र अग्रसर हुनुपर्नेमा जोड दिँदै राष्ट्रसंघीय वातावरण तथा विकास महासभाले सन् १९९३ को मार्च २२ तारिख अर्थात् आजकै दिन विश्व पानी दिवस मनाउने घोषणा गरेको थियो । यस वर्षको पानी दिवसको नारा 'शान्तिका लागि पानी' रहेको छ । पानी पृथ्वीको सर्वश्रेष्ठ प्राणी मानिसका लागि मात्र नभई सबै जीव र वनस्पतिको जीवनको आधार हो । चेतनशील प्राणीका रुपमा मानवको जीवनका क्रियाकलाप पनि पानीमा निर्भर रहन्छन् । हाम्रा घरायसी क्रियाकलाप, खेतीपाती र पशुपालन जस्ता कृषि प्रणाली, स्वास्थ्य र आर्थिक क्रियाकलापदेखि धार्मिक एवं सांस्कृतिक संस्कारमा गर्भावस्थादेखि मरणोपरान्तसम्म पानीको आवश्यकता पर्दछ । पृथ्वीको दुई तिहाइ भू-भाग पानीले ओगटेको भए पनि स्वच्छ पानीका स्रोत कम छन् । असावधानीपूर्वक थालिएका विकास प्रयास र मानवीय हस्तक्षेपका कारणले भएका सीमित स्वच्छ पानीका स्रोतसमेत प्रदूषित भएका छन् । स्वच्छ पानी र गुणस्तरीय मानव जीवनको महत्व दर्शाउनका लागि नै विश्व पानी दिवस मनाउन थालिएको हो ।

नेपाल विश्वमै जलस्रोतमा दोस्रो ठूलो देश भनिए पनि धेरै सहर, बजार र गाउँमा खानेपानीको समस्या छ । संविधानको मौलिक हकका रूपमा स्वच्छ खानेपानीको हक लेखिए पनि कार्यान्वयन हुन नसकेको गुनासो छ ।

## आवधिक योजना निर्माण गर्दै लुम्बिनी प्रदेश सरकार

**लुम्बिनी,** चैत ८/लुम्बिनी प्रदेश सरकारले प्रदेशको दोस्रो आवधिक योजना निर्माणको थालनी गरेको छ । प्रदेश सरकारको नयाँ संरचनामा पहिलोपटक निर्माण गरिएको आवधिक योजनाको समय सकिन लाग्दा प्रदेश सरकार योजना आयोगले दोस्रो आवधिक योजना निर्माणको थालनी गरेको हो ।



प्रदेश सरकारको नयाँ संरचनामा पहिलोपटक आर्थिक वर्ष २०७५/७६ मा बनाइएको पहिलो आवधिक योजना निर्माण गरिएको थियो । पहिलो आवधिक योजना निर्माण अधिकांश तथ्याङ्कको कमी रहे पनि आवधिक योजनामा महत्वपूर्ण योजना निर्माण गरिएको प्रदेश योजना आयोगका उपाध्यक्ष नहकुल केसीले बताए । उनले पहिलो आवधिक योजना कार्यान्वयनका क्रममा यस अवधिमा तीन हजार तीन सय ६२ किलोमिटर सडक पूर्वाधार विकास भएको, ९० प्रतिशत घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुगेको, प्रदेशका जनतामा इन्टरनेटको पहुँच वृद्धि र महिलाको साक्षरता दरमा वृद्धिजस्ता महत्वपूर्ण उपलब्धि हासिल भएको बताए । केसीले कुनै पनि योजना कार्यान्वयन र योजनामा समेट्नुपर्ने विषय राज्यको तल्लो निकायबाट आउँदा कार्यान्वयनमा सहज हुने भएकाले आगामी आवधिक योजनाका विषयमा स्थानीय तहका जनप्रतिनिधि र कार्यकारी प्रमुखसँग योजना आयोगले छलफल थालेको बताए । आगामी आवधिक योजनाका लागि प्रदेश योजना आयोगले आर्थिक वर्ष २०८०/८१ देखि २०८६ सम्म लागू हुने 'समृद्ध लुम्बिनी: आर्थिक विकास, सुशासन, समानता र समुन्नत सोंच'का साथ स्थानीय तह, जिल्ला र प्रादेशिक कार्यालयसँग प्रारम्भिक मस्यौदामा छलफल सुरु गरेको छ । कृषि, उद्योग, पर्यटन र हरित अर्थतन्त्रका क्षेत्रमा बृहत्तर रोजगारी तथा उद्यमशीलताका विद्यमान सम्भावनाको उपयोग गर्दै नयाँ सम्भावनाको समेत पहिचान गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने रणनीति रहेको लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष केसीले बताए । रणनीतिक महत्वका पूर्वाधारको विकास र विस्तार, आन्तरिक आय र राजस्वको क्षेत्र तथा दायरा विस्तार गर्दै स्रोत र साधनको विवेकशील विनियोजन, खर्च गर्ने क्षमतामा वृद्धि एवं आयोजनाको प्राथमिकताका आधारमा लगानी वृद्धि गर्ने रणनीतिसहितको आवधिक योजनाको खाका बनाउन थालिएको उनले बताए । प्रथम आवधिक योजनाले आर्थिक वर्ष २०८०/८१ सम्ममा १० दशमलव ५४ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्ने लक्ष्य लिएको थियो ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पानी दिवस र यसको सार्थकता

पर्यावरण, स्वास्थ्य, कृषि, व्यापारसहित जीवनका हरेक पक्षमा पानीको महत्वबारे जागरण गराउन र त्यसको संरक्षणमा चेतना अभिवृद्धि गर्ने उद्देश्यले आज विश्वभर पानी दिवस मनाइँदैछ । दिवसमा विश्वभर नै स्थानीय र राष्ट्रियस्तरमा विभिन्न कार्यक्रम गरिन्छ । जलाधार क्षेत्रको संरक्षण, स्वच्छ पिउने पानीको अभावमा मानव शरीरमा लाग्ने रोगलगायत पानीको महत्वकाबारे सर्वसाधारणमा चेतना जगाउन यो दिवस महत्वपूर्ण रहन्छ । नेपालमा हरेक वर्ष तामझामपूर्वक यो दिवस मनाएर एकदिन भएपनि पानीको महत्व सम्झाउने गरिन्छ । तर पानीको समस्या अहिले विश्वव्यापी चिन्ता र चासोको विषय बन्न पुगेको छ । जनसंख्याको तीव्र वृद्धिसँगै पानीका स्रोतहरु विनाश हुँदै गएका छन् । जसका कारण मानव जीवन थप समस्यामा परेको छैन प्रकृति समेत संकटमा गरेको अवस्था छ । पानी नै जीवन हो । पानीबिना प्राणीको जीवन कल्पना गर्न पनि सकिँदैन । पानी प्रकृतिको महत्वपूर्ण देन, प्राणी जगतका लागि वरदान पनि हो । पानीको अभावमा प्राणी जीवन सम्भव नहुने मात्र होइन, धरतीमा प्राणीको उत्पत्ति सबैभन्दा पहिले पानीमै भएको हो । मानव शरीरको अधिकांश हिस्सा पानीले नै भरिएको हुन्छ । यसै कारण पानीको महत्वलाई कसैले पनि नकार्न सकिदैन । तर विश्वभर पानीको स्रोतको उचित संरक्षण हुन नसक्दा खानेपानीको हाहाकार भइरहेको छ । एकातिर जलवायु परिवर्तन तथा औद्योगिक प्रदूषणका कारण विश्वव्यापी रुपमा पानीका मुहान सुक्दै गएका छन् भने अर्कातिर नदी, खोलाजस्ता पानीको स्रोतको उचित संरक्षण नगर्दा मानवीय जीवन कष्टकर बन्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो ।

नेपाल जलस्रोतको दोस्रो धनी देश भएता पनि पानीको उचित व्यवस्थापन नहुँदा समस्या दिन प्रतिदिन बढ्दै जानु चिन्ताको विषय हो । नेपालको संविधानले समेत हरेक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच कायम हुने गरी स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गरेको छ । आमनागरिकलाई खानेपानी तथा सरसफाइको प्रत्याभूत गर्ने भनिए पनि अपेक्षित सफलता हासिल हुन नसक्नु विडम्बनाको कुरा हो । पानीको महत्व बुझाउन एकदिन दिवस मनाएरमात्रै पुग्दैन । पानीको समस्या दिनानुदिन जटिल बन्दै गएको अवस्थामा सरकारले मानवजीवन र प्रकृति संरक्षणका लागि नभई नहुने पानीलाई सर्वसुलभ, गुणस्तरीय र सबैको पहुँचमा पुऱ्याउन अग्रसर हुनु आवश्यक छ । यसो भयो भने मात्र पानी दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने निश्चित छ ।

## Opinion @ Social Network

कसैले तिमीलाई आफू भित्र देख्छ, पाउछ र तिमीले पनि उसलाई तिमी भित्र पाउँछौ भने सम्झ त्यो सम्बन्धको स्वाद जीवन भर मिलिरहेनेछ ।
*(सन्तोष रानाको फेसबुक स्टाटसबाट https://www.facebook.com//santosh.rana.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अर्थतन्त्रको हालखबर र हिंड्नुपर्ने बाटो



सुरेन्द्र पाण्डे

नेपालको १२ औं जनगणना २०७८ अनुसार कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार रहेको छ । कुल जनसंख्याको ५३.६१ प्रतिशत तराई र ४६.३९ प्रतिशत पहाड तथा हिमाली भेगमा रहेको छ । जबकि २००९/१० सालमा पहाडमा ६५ र तराईमा ३५ प्रतिशत जनसंख्या थियो । पहाडबाट जनसंख्या तराई र विदेश बसाइँसराइको समस्या बढ्दो मात्र होइन, गम्भीर छ । यसले भविष्यमा आर्थिक, जनसांख्यिक मात्र होइन राजनीतिक प्रतिनिधित्व र सन्तुलनमा समेत समस्या देखिने अवस्था बन्न सक्छ । जनसंख्याको वृद्धिदर घट्दो अर्थात् केवल .९२ प्रतिशत छ । देशभरिमा कुल ६६ लाख ६० हजार परिवार बसोबास गर्छन् जसमध्ये ४१ लाख कृषक परिवार रहेका छन् । चौथो नेपाल लिभिङ स्ट्यान्डर्ड सर्भे 'सन् २०२२/२३' अनुसार गरिबीको रेखामुनि रहेका जनताको संख्या २०.२७ प्रतिशत अर्थात् हरेक ५ जना मध्ये एकजना गरीब रहेको छ । सरकारले नीति तथा बजेट निर्माण गर्दा यो तथ्य र प्रवृत्तिलाई ध्यानमा राख्नु जरुरी छ ।

**देशको आर्थिक अवस्था**

**राजस्व :** सरकार वा राज्य संचालनका लागि राजस्वको आवश्यकता र भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ। आ.व. २०६४/६५ देखि राजस्व असुलीको अवस्था उल्लेखनीय रूपले सुधार हुँदै आएको थियो । तर पछिल्ला केही वर्षदेखि कमजोर हुँदै गएको छ । यसै सिलसिलालाई हेर्दा आव २०८०/८१ को फागुन ३० सम्मको राजस्व ६ खर्ब ३९ अर्ब रहेको छ 'माघ मसान्तसम्ममा ५ खर्ब ६७ अर्ब ४० करोड थियो' । यस आवमा १४ खर्ब २२ अर्ब उठाउने लक्ष्य रहेको भए पनि बाँकी ४ महिनामा आठ खर्ब उठ्ने कुनै सम्भावना देखिन्न । जबकि आब २०७८/७९ को माघ मसान्तमा यो आ.व.को माघ मसान्त भन्दा धेरै अर्थात् ६ खर्ब १३ अर्ब ४१ करोड उठेको थियो ।

**सरकारी खर्च :** यस आ.व. २०८०/८१ को बजेट वक्तव्यमा पूँजीगत खर्च ३ खर्ब २ अर्ब छुट्याइएको छ । गत आ.व.मा कुल बजेटको २१ प्रतिशतबाट घटाएर केवल १७ प्रतिशतमा सीमित भएको पूँजीगत खर्चको नतिजा पनि सन्तोषजनक देखिँदैन । किनकि २०८० फागुन १७ सम्मको तथ्यांक हेर्दा पूँजीगत खर्च केवल ७१ अरब २९ करोड मात्र छ । जो लक्ष्यको केवल २३.६० प्रतिशत मात्र हुन आउँछ । चालु खर्च भने ५ खर्ब ४९ अर्ब ९६ लाख रहेको छ । जो लक्ष्यको ४८.०८ प्रतिशत देखिन्छ । वित्तीय व्यवस्थापनतर्फ १ खर्ब २४ अर्ब ८१ करोड रहेको छ । जो लक्ष्यको ४०.६ प्रतिशत रहेको छ । पूँजीगत खर्च गत आव २०७९/८० मा ३ खर्ब ८० अर्ब 'बजेटको २१ प्रतिशत' थियो र खर्च २ खर्ब ३२ अर्ब भएको थियो । निरन्तर घटिरहेको पूँजीगत खर्च र त्यसमाथि लक्ष्यभन्दा धेरै कम खर्च हुनुले अर्थतन्त्रको संकुचन र गिर्दो अवस्थालाई देखाएको छ ।

**ऋणको अवस्था :** आव २०८०/८१ मा वैदेशिक अनुदानको लक्ष्य ५० अर्ब रहेकोमा २०८० फागुन १८ सम्म केवल २७ करोड ५० लाख प्राप्त भएको छ । बाह्य ऋण २ खर्ब १३ अर्ब प्राप्त हुन्छ भनिएकोमा ५२ अर्ब १३ करोड मात्र प्राप्त भएको छ । र, आन्तरिक ऋण २ खर्ब ४० अर्ब लिने भनिएकोमा १ खर्ब ६१ करोड लिई सकिएको छ । हालसम्म आन्तरिक र बाह्य ऋण क्रमश : ११ खर्ब ८५ अर्ब र बाह्य ऋण १२ खर्ब २ अर्ब गरी कुल ऋण २३ खर्ब ८७ अर्ब पुगेको छ । यस अवधिसम्ममा आन्तरिक ऋणको सावाँ र ब्याज क्रमश : ९१ अर्ब र ३९ अर्ब भुक्तान भएको छ भने बाह्य ऋणको साँवा र ब्याज क्रमश : २० अर्ब १३ करोड र ५ अर्ब भुक्तान भएको छ । यसरी वैदेशिक अनुदान उच्च तवरले घट्दो, वैदेशिक ऋण प्राप्ति र उपयोग क्षमता खस्कँदो र आन्तरिक ऋण तीव्र रूपले बढिरहेको छ । त्यति मात्र होइन राजस्व असुलीको कमजोर अवस्थाका कारण आन्तरिक ऋण लिएर चालु खर्च र ऋण भुक्तानी गर्नुपरेको अवस्था देखिएको छ ।

**ट्रेजरीको अवस्था :** २०८० फागुन १८ सम्ममा ट्रेजरी घाटा १ खर्ब ५८ अर्ब रहेको छ । यसले सरकार माथि कोष व्यवस्थापनको दबाबको अवस्था गम्भीर रहेको देखाउँछ ।

**सेवा आय** : २०८० माघ मसान्तसम्ममा सेवा आय ३७ अर्ब २६ करोडले घाटामा छ । भ्रमण आय ४५ अर्ब ४० करोड छ भने व्यय १ खर्ब ४ अर्ब ७५ करोड रहेको छ । जसमध्ये शिक्षातर्फ ६६ अर्ब ६४ करोड बाहिरिएको छ । जबकि गत वर्ष सोही अवधिमा ४३ अर्ब ७४ करोड बाहिरिएको थियो। यसले युवा सँगसँगै धन पलायन बढिरहेको र झन्-झन् तीव्र हुँदै गएको देखिन्छ ।

**रेमिट्यान्स :** २०८० माघसम्ममा रेमिट्यान्स ८ खर्ब ३९ करोड प्राप्त भएको छ । रेमिट्यान्सको प्राप्ति भने सकारात्मक देखिएको छ ।

**वैदेशिक रोजगारी :** २०८० माघसम्ममा नयाँ श्रम स्वीकृति लिने २ लाख ४७ हजार १२ र पुरानो नवीकरण गर्नेको संख्या १ लाख ५८ हजार ५४० गरी कुल ४ लाख ५ हजार ५५२ व्यक्ति वैदेशिक रोजगारीमा गएका छन् । स्वदेशमा रोजगारी सिर्जना र ज्याला दर वृद्धि नगरी यो प्रवृत्ति रोकिने अवस्था छैन । जो देशकै प्रमुख चुनौती बनेको छ । जसले देशको राजनीतिलाई प्रभावित पार्दैछ र नयाँ समस्या तथा संकट बढाइरहेको र आमरूपमा राज्यप्रति अविश्वास बढिरहेको अनुभूति देखिन्छ ।

**आयात निर्यात 'अन्तर्राष्ट्रिय व्यापार' :** सामान्यतया अन्तर्राष्ट्रिय व्यापारमा आयात घट्नु र निर्यात बढ्नुलाई सकारात्मक मानिन्छ । तर नेपाल जस्तो आयात र भन्सार विन्दुमा संकलन हुने राजस्वमा निर्भर रहँदै आएको मुलुकमा आयात संकुचनले पनि अर्थतन्त्रमा नकारात्मक प्रभाव देखापर्ने गर्दछ । यसै आव २०८०/८१ को सात महिनाको तथ्यांक हेर्दा नेपालको आयात तथा निर्यात दुवै घटेको देखिन्छ । किनकि गत वर्षको यसै अवधिको भन्दा घटी निर्यात ८७ अर्ब र आयात ८ खर्ब ९८ अर्ब रहेको छ । यसले पनि अर्थतन्त्र संकुचनमा गएको देखाएको छ । किनकि यसले देशमा सरकारी, निजी र सर्वसाधारण सबैको पूर्वाधार निर्माणमा कमिको कारण त्यसका निम्ति आवश्यक पर्ने मेसिनरी, निर्माण सामग्रीहरूको आयात घटेको, व्यक्तिहरूको उपभोगमा समेत कमि आएको कारण यस्तो अवस्था देखिएको हो । उदाहरणका लागि सिमेन्ट उद्योगहरू बन्द छन्, नयाँ कारखाना निर्माण र नयाँ लगानी हुन सकिरहेको छैन । घर-जग्गाको कारोबार कित्ताकाट खुला गरिए पनि बढ्न सकेको छैन । व्यक्तिहरूले नयाँ घर निर्माण गरिरहेका छैनन् ।

**खाद्यान्न र फलफूल आयातको अवस्था :** यही २०८० फागुन १८ सम्मको भन्सार विभागको तथ्यांक अनुसार देशमा २१ अर्बको धान, ७ अर्बको मकै, स्याउ ७ अर्ब २० करोड, अंगुर ५४ करोड, नासपाती २१ करोड, खरबुजा १३ करोड ३० लाख, मेवा १२ करोड ४५ लाखको आयात भएको छ । यसले देशको कृषि उत्पादनको अवस्थालाई दर्साएको छ । यसको कारण थाहा नभएका भने होइनन् । तर समस्या समाधानको प्रयास भइरहेका छैनन् । किनकि कृषकहरू मलको गम्भीर अभाव झेलिरहेका छन् । मल उपलब्ध गराउन तत्परताका साथ काम भएको छैन । यस्तै किसानहरू आफूले उत्पादन गरेको दूध बिक्री हुन नसकेको र बिक्री भएको दूधको समेत भुक्तानी नपाएको कारण सडकमा दूध पोखेर विरोध जनाउन बाध्य भएका छन् । अर्को तर्फ यस वर्ष धान ५७ लाख मे.टन उत्पादन हुने कृषि मन्त्रालयले बताएको छ । त्यसो हो भने धान आयात गर्नुपर्ने आवश्यकता देखिँदैन । किनकि हाम्रो वार्षिक धान खपत त्यस वरिपरि छ । त्यसो हो भने धानको आयात किन भइरहेको छ । सम्बन्धित निकायले यसलाई प्रष्ट पारेको छैन । त्यसैगरी नेपाल राष्ट्र बैंकले २०८२ सम्ममा बैंकहरूलाई आफ्नो कर्जाको १५ प्रतिशत कृषिमा लगानी गर्नुपर्ने प्रावधान राखेको र १३ प्रतिशत ऋणको हिस्सा कृषि कर्जामा गएको बताए पनि कृषि उत्पादन बढ्न सकेको देखिन्न । यसले कृषि ऋणको प्रयोग अन्यत्रै भइरहेको त छैन भन्ने शंका देखिएको छ ।

**विनिमय सञ्चिती :** आव २०८०/८१ को ७ महिना अर्थात् माघ मसान्तसम्ममा विदेशी मुद्राको सञ्चिति १८ खर्ब ४५ अर्ब पुगेको छ । विदेशी मुद्राको सञ्चिति राम्रो देखिए पनि यसको उपयोग हुन नसकेको देखिन्छ । सरकारी पूँजीगत खर्च घट्नु, आयात घट्नु, निजी क्षेत्रको विश्वास कमजोर बन्नु र आन्तरिक अर्थतन्त्र शिथिल हुनुले विदेशी मुद्राको मागमा कमि आएको हो भन्ने तर्फ अध्ययन गरी खर्च र लगानी वृद्धिको नयाँ रणनीति लिनु जरुरी छ ।

**बैंकिङ क्षेत्र :** बैंक र वित्तीय क्षेत्रको कुल निक्षेप ६१ खर्ब ६० अर्ब छ भने कुल ऋण ५० खर्ब ८७ अर्ब गएको छ । निजी क्षेत्रबाट ऋणको मागमा कमिका कारण एकातर्फ बैंकहरू अधिक तरलता समस्या खेप्ने अवस्थामा छन् भने अर्को तर्फ सरकारको बढ्दो आन्तरिक ऋणका कारण सरकार स्वयम् त्यस्तो रकम प्रयोगकर्ता बनेको छ । कतिपय बैंकहरूमा निक्षेपकर्ताहरूको विश्वासमा कमिका कारण अधिक मात्रामा रकम निकाल्ने अवस्था देखा परेको छ । र कतिपयको खराब कर्जा बढेको अवस्था छ । बैंकको खराब कर्जा ३.७३ प्रतिशत भनिए पनि झण्डै ७ प्रतिशतको हाराहारीमा रहेको छ । यसले खराब कर्जाको जोखिम बढिरहेको देखाउँछ ।

**लघु वित्त र सहकारीको अवस्था :** देशभरिका ५७ वटा लघु वित्त कम्पनीहरूले ४ खर्ब ४० करोड ऋण प्रवाह गरेको, १ खर्ब ७० करोड निक्षेप संकलन गरेको, तिनीहरूले विभिन्न बैंकहरूबाट २ खर्ब २३ अर्ब सापटी लिएको अवस्था छ । यस्ता लघु वित्तमा ६० लाख ३ हजार सदस्य र २७ लाख ३५ हजार ७४५ ऋणी छन् । लघु वित्तका ऋणीहरू ऊच्च ब्याज र ऋणको चपेटामा परेको भन्दै सडक संघर्षमा छन् र उनीहरूले लिएको ऋण तिर्न नपर्ने भनेर उचाल्ने काम भइरहेको छ । यस समस्याको समाधान खोज्न ढिला गर्नुहुँदैन । देश भरमा ३१ हजार ३७३ सहकारी संस्थाहरू छन् । जसमा ४ खर्ब ७८ अर्ब निक्षेप छ भने ४ खर्ब २६ अर्ब ऋण छ । १८ वटा सहकारीहरूलाई संकटग्रस्त घोषणा गरिएको छ भने थप झण्डै १०० सहकारीहरू समस्याग्रस्त रहेको बताइन्छ । सहकारी पीडितहरूको समस्या समाधानमा उच्च प्राथमिकताको जरुरी छ ।

**सरकारी कामको अवस्था :** सरकारले पुराना आयोजना नसिकिँदै नयाँ-नयाँ आयोजना सुरु गर्ने काम गरिरहेको छ । बजेट र योजना निर्माण गर्दा ती आयोजनाबाट प्राप्त हुने प्रतिफलको हिसाब नगरी राजनीतिक वा प्रशासनिक ओहोदाको प्रयोगका आधारमा हुने गरेको छ । पर्याप्त स्रोत, समयमा आयोजना सम्पन्न गर्ने निश्चितता बेगर, आयोजनाले दिनुपर्ने लाभ र प्रतिफल र परिस्थितिमा आइरहेको परिवर्तनको हेक्का नगरी सुरु भएका अनगिन्ती योजना सम्पन्न नभई घिसिपिटे ढंगले अघि बढेका छन् र कैयौं अलपत्र बनेका छन् । कतिपय योजना सम्पन्न भए पनि त्यसको उपयोग हुनसकिरहेको छैन । उदाहरणको लागि देशभर ५३ वटा विमानस्थल छन् तर ३३ वटा मात्र सञ्चालनमा छन् । सडक पुगेपछि कैयौं विमानस्थल बन्द भएका छन् । कहिले सडक पुग्छ भन्ने पूर्वानुमान बेगर बनेका विमानस्थल आज सेतो हात्ती बनेका छन् । त्यस्तै विद्यालय भवन बनेका छन् तर विद्यार्थी अभावमा विद्यालय बन्द वा गाभिएका छन् । सबै व्यक्ति तथा क्षेत्रलाई एकैपटक धनी बनाउने कुरा सुन्दा आनन्ददायक हुन्छ तर सम्भव हुँदैन । त्यसैगरी सबै योजना एकैपटक गर्ने कुरा पनि त्यस्तै हो । हरेक सरकार, मन्त्री, संसदका सदस्य र यसैगरी प्रदेश र स्थानीय तहले योजना बढाउँदै बजेट छर्दै जाने हो भने ती सबै योजनालाई सम्पन्न गर्न स्रोत पुऱ्याउन सम्भव देखिन्न । तसर्थ त्यसलाई प्राथमिकीकरण नगरी हुँदैन । यस कटु सत्यलाई दृष्टिगत गरी नेपालको विकासको निम्ति नयाँ सोच र दृष्टिकोणको खाँचो छ र साधन स्रोतको उपयोग बारेमा अहिलेको अवस्थालाई आधारभूत रूपले परिवर्तन गर्नु आवश्यक छ ।

***'नेकपा एमालेका उपाध्यक्ष रहेका लेखक पूर्व अर्थमन्त्री पनि हुन् ।'***
***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तसँग मनमुटाव बढ्ने तथा गलत आश्वासनले समस्या आउन सक्छ । | **तुला** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । आफ्नो कार्य सम्पादनमा सहजता मिल्नेछ। |
| **वृष** : घरायसी कार्य अगाडि बढ्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । | **वृश्चिक** : चिन्ता छाडेर चिन्तन गर्ने समय छ । प्रेमीको सहयोग प्राप्त हुनेछ । |
| **मिथुन** : अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ । नयाँ कार्यको योजना बन्नेछ। | **धनु** : गरेका काममा ढिलासुस्ती हुनेछ । यात्रामा मालसामान हराउन सक्छ । |
| **कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । | **मकर** : प्रेममा मधुरता छाउनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला । |
| **सिंह** : समस्यामा अल्झनुपर्नेछ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । | **कुम्भ** : सुखद् यात्राको योग छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। |
| **कन्या** : लक्ष्मी प्रसन्न हुने योग छ । सामाजिक, धार्मिक कार्यमा रुचि बढ्नेछ । | **मीन** : विद्या र बुद्धिको विकास हुनेछ । दाम्पत्य जीवन सुखमय रहला । |

# आँखाको टेढोपन : के छ उपचार, कति लाग्छ खर्च ?



हाम्रो दुवै आँखा एकै दिशामा र एकै बिन्दुमा केन्द्रित हुन्छ । दुवै आँखाले एकै बिन्दुमा केन्द्रित रहेर हेर्नु दुवै आँखाको तालमेल राम्रो भएको बुझिन्छ । तर कतिपय अवस्थामा व्यक्तिको दुवै आँखाले कुनै एउटा बिन्दुमा एकै पटक नदेखी फरक-फरक दिशामा देख्छ भने त्यसलाई टेढोपनको समस्या भनेर बुझिन्छ । सामान्यतया हरेक व्यक्तिको आँखा मांसपेशीसँग जोडिएको हुन्छ । यी मांसपेशीहरूले दुवैलाई एकसाथ सार्न काम गर्छन् । तर मांसपेशीले राम्रोसँग काम गर्दैन र आँखा फरक दिशामा हेर्न थाल्छ । यो समस्याको समयमै उपचार भएन भने बिस्तारै आँखाले दृष्टि कमजोर हुन्छ ।

**टेढोपन हुने कारण के-के हुन् ?**

टेढोपन हुने कारण एक मात्र छैन । यो बच्चादेखि वयस्कको उमेरमा बढी देखिन्छ । कसैमा गर्भ रहँदा भ्रुणमा चोटपटक लागेर वा हार्मोनल परिवर्तनले हुन्छ । जुन जन्मजात टेढोपन हो । अर्को कारण भनेको चोटपटक लागेर वा कुनै रोगको कारणले आँखाको मांसपेशी कमजोर भई टेढोपन हुन्छ ।

दुईदेखि चार वर्षको उमेरमा चस्मा लगाउन परेमा वा पावर बढेमा पनि यस्तो हुनसक्छ । त्यस्तै एउटा आँखाको कम पावर र अर्को आँखामा चस्माको पावर बढाउनु परेमा पनि यो अवस्था आउँछ । यस्तोमा दुवै आँखामा पावर घटबढ भएमा आँखाको सन्तुलन बिग्रिएर आँखा टेढो हुन्छ । कुनै बच्चालाई उच्च पावरको चस्मा लगाउनुपर्ने हुन्छ । यदि बच्चाले लगाउनुपर्ने चस्मा नलगाउँदा आँखामा टेढोपन आउने गर्छ । आँखाको पर्दामा समस्या छ वा ट्युमरले पनि आँखा टेढो हुने गर्छ । त्यस्तै, वयस्कमा आँखाको नसामा चोटपटक, उच्च रक्तचाप, मधुमेह र स्नायु समस्याले पनि आँखा टेढो हुनसक्छ ।

**आँखा टेढोपन भएको कसरी पहिचान गर्ने ?**

यसको पहिचान गर्न त्यति कठिन छैन । बच्चाको हेराइबाट नै आँखाको अवस्था पहिचान गर्न सकिन्छ । यदि बच्चाले एक ठाउँमा हेर्दा अन्यत्र हेरेको जस्तो देखिन्छ भने परिवारका सदस्यले त्यो विचार गर्नुपर्छ । यदि बाङ्गो हेरेको जस्तो लाग्छ भने ढिला नगरी अस्पताल लैजानु पर्छ । किनकि यसको जति छिटो पहिचान त्यति छिटो निको हुन्छ । त्यस्तै, यो जुनसुकै उमेरमा पनि हुनसक्ने हुँदा वर्षको एकपटक बच्चाको आँखाको परीक्षण अनिवार्य गर्नुपर्छ । ताकि, समयमै यसको पहिचान र उपचार हुन सकोस् ।

**कम्प्युटरमा काम गर्दा आँखा सुक्खा भइरहन्छ, के गर्ने ?**

**यसको उपचार कसरी हुन्छ ?**

उपचार गर्नुअघि यसको कारण पत्ता लगाइन्छ । कारणअनुसार नै उपचार प्रक्रिया अघि बढ्छ । टेढो आँखाको सुरुको उपचार चस्मा लगाएर आँखाको दृष्टि ठीक गर्ने हो । दृष्टि ठीक भएपछि कस्मेटिक शल्यक्रिया गरेर आँखाको टेढोपन हटाउन सकिन्छ । चस्माको पावर एउटा आँखामा कम र अर्कोमा बढी लगाउनु परेमा पावरलाई मिलाइन्छ । कसैमा टेढोपन देखिने र कसैको नदेखिने खालको टेढोपन हुन्छ । यस्तोमा चस्मामा प्रिज्म लगाएर ठीक पारिन्छ । प्रिज्मले कुनै पनि दृश्यलाई दुवै आँखाले एकै ठाउँमा देखिने बनाउँछ । दीर्घ रोगले हो भने त्यस्ता रोगको पनि उपचार गर्नुपर्छ । आँखाको पर्दामा समस्याले गर्दा टेढोपन भएको हो भने त्यसकै उपचार गर्नु पर्छ । यदि ट्युमरको कारणले भएको भने शल्यक्रिया गरेर ट्युमर फाल्नुपर्छ । परिवारका अन्य सदस्यलाई पनि टेढोपनको समस्या छ र बच्चाको आँखामा जन्मजात नै टेढोपन देखियो भने त्यस्ता शिशुको आँखा दुई वर्षभित्रै शल्यक्रिया गर्नुपर्छ । यदि टाउकोमा चोट लागेर वा अन्य कारणले मांसपेशी कमजोरी भई प्यारालाइसिस भएर आँखा टेढो भएको छ भने त्यस्ता बच्चाको आँखा थेरापी गराउनुपर्छ । थेरापीले पनि डेढोपन हटाउने गर्छ । हेर्न पनि असहज र देख्दा पनि असुहाउँदो देखिएमा अन्तिम विकल्प शल्यक्रिया हो । शल्यक्रियासँगै भिजन थेरापी गरेर ठीक गर्ने प्रयास गरिन्छ ।

**समयमा उपचार भएन भने के हुन्छ ?**

समयमा उपचार हुन नसक्दा एउटा आँखाले बिस्तारै कम देख्दै जाने मात्र होइन, आँखाको मांसपेशीमा कुनै गतिविधि नै हुँदैन, जसलाई अल्छी आँखा भनिन्छ । अल्छी आँखालाई १२ वर्षको उमेरमा ठीक पार्न सकिन्छ । तर त्यो उमेरपछि यसलाई ठीक पार्न कठिन छ । यस्तोमा आँखाको कस्मेटिक सर्जरीले आँखा सिधा पार्न सकिन्छ । तर दृष्टि फर्काउन सकिंदैन । यसो भनिरहँदा वयस्कमा पनि यसको उपचार सम्भव छ । तर के कारणले भएको हो त्यसमा भर पर्छ । यदि चोटपटकले गर्दा हो भने शल्यक्रियाले र मांसपेशीको थेरापीले ठीक पार्न सकिन्छ । स्नायुसम्बन्धी उच्च रक्तचाप र मधुमेहले तन्नेरी अवस्थामा टेढो भएको छ भने आँखामा समस्या हुनेबित्तिकै उपचार गरे ९० प्रतिशत ठीक हुन्छ । र, १० प्रतिशतमा शल्यक्रिया गर्नुपर्ने हुनसक्छ ।

**कति लाग्छ खर्च ?**

टेढोपनको उपचार खर्च उपचारको किसिम र अस्पतालअनुसार फरक-फरक पर्न जान्छ । यस्तोमा औसतमा सम्पूर्ण उपचार खर्च एक हजारदेखि १५ हजार रुपैयाँसम्म लाग्न सक्छ ।

**एउटा आँखामा टेढोपन हुँदा अर्कोमा समस्या हुन्छ ?**

पक्कै पनि एउटा मात्र आँखाले काम गर्ने बित्तिकै समस्या आउन सक्छ । किनभने दुवै आँखाले फरक-फरक दृश्य देख्छ । मस्तिष्कले दुवै फरक दृश्य छानेर एउटा आकृति बनाउँछ । जसमा रङ, दूरी र आकृतिको बनावट सुहाउँदो बनाउँछ । यस्तोमा एउटा आँखा मात्र काम गर्ने भयो भने रङ, दूरी र आकृतिको बनावटमा समस्या आउँछ । पहिला जति फराकिलो रूपमा धेरै कुरा एकै पटक देखिन्थ्यो भने एउटा आँखाले सीमित देख्छ ।

*-अनलाइन खबर डटकम*

# पुदिनाको बहुउपयोगी गुण



पुदिनाका बहुउपयोगी गुणहरू रहेका छन् । हाम्रो गाउँघर, खेतबारी वरपर सहजरूपमा पाइने पुदिना स्वास्थ्यका लागि असाध्यै उपयोगी वनस्पति हो । यसको सेवन तथा प्रयोगले विभिन्न स्वास्थ्य समस्याहरूको सहज समाधान हुन सक्छ । हाम्रो भान्सामा यसलाई अचारका रूपमा प्रयोग गर्ने गरिन्छ । यसमा भिटामिन 'ए'को मात्रा धेरै हुने भएकाले मानव स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छ ।

यस्तै यसमा मेन्थोल, प्रोटिन, कार्बोहाइड्रेट, भिटामिन 'ए' तामा, फलामजस्ता शरीरलाई आवश्यक तत्वहरू पाइन्छन् । यसले मुहार चम्किलो बनाउन पनि सहयोग गर्दछ । गर्मीका समयमा स्वास्थ्यका लागि पुदिना झन् बढी फाइदाजनक मानिन्छ । खासगरी पेट गडबड भएमा पुदिनाको सेवन उपयोगी हुन्छ । यतिमात्र होइन, पुदिनाले उल्टी पनि रोक्न सक्छ । पेटमा जम्मा हुने ग्याँसलाई भगाउन वा ज्वरोलाई ठीक पार्न पनि पुदिनाको प्रयोग गर्न सकिन्छ । पेटसँग जोडिएका अन्य रोगहरूका लागि पनि अचुक औषधिका रूपमा पुदिनालाई लिइन्छ । पुदिनाको प्रयोग गर्दा बेसार र तातो पानीमा गर्न सकिन्छ । एक चम्चा पुदिनाको रस तातो पानीमा मिलाएर खाने हो भने यसले उल्टीलाई रोक्न सहयोग गर्छ । यस्तै तौल घटाउने, डिप्रेसन तथा थकान घटाउने र टाउको दुखाइ कम गर्नेलगायतका काम यसले गर्छ । तर, सतर्कचाहिँ के कुरामा हुनुपर्छ भने पुदिनाको प्रयोग अधिकमात्रामा गर्नुहुँदैन । धेरै पुदिना खाँदा हाम्रो शरीरको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन सक्ने बताइन्छ । यस्तै यसको अत्याधिक सेवनले मिर्गौलाको समस्या आउन सक्ने पनि बताइन्छ । तर, नियमित ठिक्करूपमा खाँदा यसमा भएको औषधीय गुणले हाम्रो शरीरमा सकारात्मक प्रभाव पर्छ । पुदिनाबाट धेरै प्रकारका औषधि पनि निर्माण भएका छन् ।

*-इहिमालय टाइम्स डटकम*

# खुट्टा झम्झमाउँछ ? यी रोगको लक्षण हुनसक्छ !



हात र खुट्टामा झनझन महशुस हुनुलाई हामी सामान्य मान्छौं र यसलाई बेवास्ता गर्छौं । कतिपय अवस्थामा यो गम्भीर रोगको लक्षण पनि हुन सक्छ । त्यसैले हात र खुट्टामा झनझन महशुस हुने कुरालाई बेवास्ता नगर्नुहोस् । हातखुट्टा झमझम एक वा दुईपटक हुनु सामान्य हो । तर बारम्बार भइरहेको छ, शरीर कमजोर भएको महशुस हुँदैछ, हातखुट्टा सुन्निने र दैनिक जीवनमै प्रभाव पारेको खण्डमा तुरुन्त परीक्षण गराउनुपर्छ । किनकि यो विभिन्न रोगको लक्षण हुन सक्छ । २० देखि ३० प्रतिशतको हताखुट्टा झमझम गर्नु रोगको कारण पनि हुन सक्छ । यस्तो अवस्थामा हामी तपाईलाई कुन रोगले खुट्टामा झन्झनाउने हुन्छ बताउँनेछौ ।

**खुट्टामा झुन्झनुको कारण :**

- मिर्गौला बिग्रिएको कारणले खुट्टामा झन्झन् गर्न सक्छ । वास्तवमा, यदि मृगौलामा कुनै प्रकारको खराबी छ भने, शरीरले शरीरलाई डिटोक्स गर्न सक्षम हुँदैन, जसले गर्दा खुट्टामा झनझन हुन्छ ।

-मधुमेहले पनि खुट्टामा झम्झनाउने समस्या निम्त्याउँछ । रगतमा चिनीले स्नायुलाई क्षति पुर्याउँछ जसका कारण खुट्टामा झनझन हुन थाल्छ ।

-इन्फेक्सनका कारण पनि तपाईको खुट्टामा पनि झनझन हुने गर्छ । यसले हात र खुट्टामा काँट्ने दुखाइ निम्त्याउँछ । यसले स्नायुमा क्षति पुऱ्याउँछ जसका कारण खुट्टा र हातमा चट्किने र दुखाइ महशुस हुन्छ ।

-भिटामिन बीको कमीले पनि खुट्टामा झम्झाउने समस्या हुन सक्छ । यसको कमीलाई पुरा गर्न आफ्नो खानामा सिमी, दाल, ड्राई फ्रुट र मासु जस्ता भिटामिन बी युक्त खानेकुराहरु खानुपर्छ । माछा, कुखुरा र आलुलाई आफ्नो आहारको एक हिस्सा बनाउनु पर्छ, तर अमिलो फलफूल र अन्य खाद्य वस्तुहरूको सेवन नगर्नुहोस् । यसका अलावा पनीर, दूध, बटरमिल आदि डेयरी उत्पादन खान सक्नुहुन्छ । हरियो सागसब्जी पनि भिटामिन बी को राम्रो स्रोत हो ।

*-डिसी नेपाल डटकम*


**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम गरी नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ निवासी भद्रकाली पन्त, ऐ.ऐ. वडा नं. ३० निवासी सोभन देव पन्त, धरणी देव पन्तले आफ्नो बुवा ऋषिदेव पन्तको मिति २०४९/०४/१२ गते मृत्यु भएको, मृतक बुवाका २ मात्र श्रीमती (हाम्री आमाहरु) क्रमश: केशव लक्ष्मी पन्तको मिति २०५४/०६/११, रोहिणी कुमारी पन्त समेतको मिति २०७९/०३/११ मा मृत्यु भएको, अविवाहित दिदीबहिनीहरु नभएको हुँदा हामी निवेदक र मृतक आमाहरु समेत ५ जनाको संयुक्त नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक हुँगी गा.वि.स.-७ कि.नं. १५ र १९ जग्गाको श्रेष्ता कायम नभएको, सक्कल पुर्जा हराएको र हालसम्म आफूहरुले नै हकभोग गर्दै आईरहेकोले उक्त जग्गा श्रेष्ता कायम गरी हामी निवेदकका नाममा संयुक्त नामसारी पाउँ भनी निवेदन गरेको सम्बन्धमा उक्त जग्गामा निवेदकको हकभोग छ वा छैन ? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध. ले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन् ? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो ? उल्लेखित कि.न.का जग्गाको सक्कल पुर्जा हराएको हो, होइन ? मृतक ज.ध. समेत निवेदकको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदकका नाममा संयुक्त नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? उल्लेखित जग्गाहरु मृतक र निवेदकका नाममा श्रेस्ता कायम गरी निवेदकका नाममा संयुक्त नामसारी गरिदिन मिल्छ वा मिल्दैन ? निवेदन मागदाबी बमोजिम गरिदिंदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा एकलौटी नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ । इति सम्वत २०८० साल चैत्र ०७ गते रोज ४ मा शुभम् ।



## निस्दी गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| मदन अर्याल | तीरन कुमारी श्रेष्ठ | मुक्त बहादुर सारू |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# सुनको मूल्यमा नयाँ कीर्तिमान




**पाल्पा,** चैत ८/विश्व बजारमा सुनको मूल्यले बिहीबार नयाँ कीर्तिमान बनाएको छ । सुनको मूल्य १ प्रतिशत प्रतिऔंसले बढेर २ हजार २ सय १० डलर ५९ सेन्टसम्म पुगेर सुनको मूल्यले नयाँ कीर्तिमान बनाएको हो । यो अहिलेसम्मकै सर्वाधिक मूल्य हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार स्थानीय बजारमा छापावाला सुनको मूल्य प्रतितोला दुई हजार ६ सयका दरले बढेको छ । बुधबार प्रति तोला सुन एक लाख २५ हजार दुई सयमा कारोबार भएको थियो । महासंघका अनुसार सुनको मूल्य वृद्धि भएसँगै छापावाला सुनको मूल्य प्रति तोला एक लाख २७ हजार आठ सय तोकिएको छ । यस्तै तेजाबी सुन बुधबार प्रति तोला एक लाख २४ हजार ६ सयमा कारोबार भएको थियो । बिहीबार भने तेजाबी सुनको मूल्य एक लाख २७ हजार दुई सय निर्धारण गरिएको छ । त्यस्तै चाँदीको मूल्य प्रति तोलामा ३५ ले वृद्धि भएको छ । बुधबार प्रति तोला एक हजार पाँच सय २० मा कारोबार भएको चाँदीको मूल्य एक हजार पाँच सय ५५ निर्धारण गरिएको छ । अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भले यो वर्ष तीन पटक ब्याजदर कटौती गर्ने प्रक्षेपण गरेसँगै अमेरिकी डलर र ऋणपत्रको प्रतिफल घट्दा सुनको भाउ बढेको हो । केन्द्रीय बैंकहरूले धमाधम कीर्तिमानीस्तरमा सुन किनिरहेकाले सुनको भाउ बढ्ने सम्भावना प्रशस्त रहेको विश्लेषकहरू बताउँछन् । रुस र युक्रेनको युद्ध, गाजामा जारी द्वन्द्वलगायत भूराजनीतिक तनावका कारण पनि पछिल्लो समय विश्व बजारमा सुनको भाउ बढेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

# वन जोगाउन कस्सिए...

...जिल्लामा आगलागी तथा डडेलोको अति जोखिममा तिनाउ गाउँपालिकाको कचल, दोभान, झुम्सा, कोल्डाडाँडा गरी ४ वटा वडा, रिब्दीकोटको गाउँपालिकाको देउराली, खस्यौली, भैरवस्थान, कुसुमखोला, ठिमुरे गरी ५ वटा वडा, रैनादेवी छहरा गाउँपालिकाको सोमादी, भुवनपोखरी, छहरा, जुठापौवा गरी ४ वटा वडा, माथागढी गाउँपालिकाको झडेवा, हात्तीलुङ, गोठादी र रहवास गरी ४ वटा वडा, पूर्वखोला गाउँपालिकाको जल्पा, रिडनेरह, बीरकोट गरी ३ वटा वडा पनि जोखिममा रहेका छन् । तानसेन नगरपालिकाको श्रीनगरडाँडा, बौघापोखरायोक, बोघागुम्हा, बन्दीपोखरा गरी ५ वटा वडा अति जोखिममा रहेका डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकारी बस्नेतले बताए । पाल्पाका ८१ वटा वडाहरुमध्ये २७ वटा वडा अति जोखिम, २९ वटा वडा मध्यम जोखिम र २५ वटा वडा न्यून जोखिममा रहेको डिभिजन वन कार्यालयले गरेको अध्ययनबाट देखिएको रेञ्जर यमलाल पोखरेलले बताए । अति जोखिम, मध्यम जोखिम र कम जोखिम क्षेत्र अनुसार वन उपभोक्ताको परिचालन सचेतना तथा आगलागी नियन्त्रणको बारेमा डिभिजन वन कार्यालयले कार्ययोजना बनाएर काम गर्दै आएको रेञ्जर पोखरेलको भनाई छ ।

पाल्पामा बढी सल्ला र सालको जंगल, तराईसंग सिमाना जोडिएका नवलपरासी, रुपन्देही र कपिलबस्तु क्षेत्रका जंगलहरुमा वर्सेनी आगो लाग्दै आएको छ । वन जंगलमा आगलालीका घटना ९६ प्रतिशत मानवीय कारण हुँदै आएको छ भने १ प्रतिशत प्राकृतिक कारण लाग्ने गरेको र ३ प्रतिशत विविध कारणबाट लाग्ने गरेको डिभिजन वन कार्यालय पाल्पाले जनाएको छ । जिल्लामा ७ सय १ वटा सामुदायिक, १ सय ४० वटा कबुलियती वन र ४ वटा धार्मिक वन रहेका छन् ।

जिल्लाभर तानसेन नगरपालिकाको मात्र एउट दमकल रहेको छ । जिल्लामा आगलागी हुँदा एउटा दमकलको मात्र प्रयोग हात्तीको मुखमा जिरा जस्तै भएको छ । मानसिले जानीजानी आगो लगाउने, लापरवाही तरिकाले आगो लगाउने, आनन्द तथा मजा लिनको लागि आगो लगाउने व्यक्तिहरुको गोप्यरुपमा सूचना दिन र उनीहरुलाई कानुनी कारवाहीदेखि क्षतिपूर्ति भराउने सम्मका काम डिभिजन वन कार्यालयले गर्ने डिभिजन वन अधिकृत भट्टराईले वन उपभोक्ताहरुलाई अनुरोध गरेका छन् ।

# आवधिक योजना निर्माण...

...गत आव २०७९/८० सम्ममा जम्मा दुई दशमलव शुन्य दशमलव छ प्रतिशत प्रगति हासिल भएको छ । यसै आधारमा दोस्रो आवधिक योजनाको पाँच वर्षमा आठ प्रतिशत आर्थिक वृद्धिदरको प्रक्षेपण गरिएको छ । त्यसअनुसार कृषिमा चार दशमलव दुई र गैरकृषिमा सात दशमलव नौ प्रतिशत आर्थिक वृद्धिदर हुने प्रक्षेपण प्रदेश सरकारले गरेको उपाध्यक्ष केसीले बताए । लुम्बिनी प्रदेशका १२ जिल्लामा जम्मा ५३ लाख जनसंख्या रहेकामा दोस्रो आवधिक योजना सफल बनाउनका लागि १५ खर्ब ५३ अर्ब ३० करोड बजेट चाहिने अनुमान गरिएको छ । त्यस अन्तर्गत ३६ प्रतिशत सार्वजनिक क्षेत्र, ६० प्रतिशत निजी, एक प्रतिशत सहकारी र एक प्रतिशत सामुदायिक क्षेत्रको लगानी हुने अपेक्षा गरिएको छ । लुम्बिनी प्रदेश योजना आयोगले बनाएको प्रारम्भिक मस्यौदालाई अन्तिम रूप दिनका लागि अहिले प्रदेश मातहतका मन्त्रालयदेखि स्थानीय तहका जनप्रतिनिधिसँग छलफल थालिएको लुम्बिनी प्रदेश योजना आयोजका सचिव खिमबहादुर कुँवरले जानकारी दिए । केन्द्र सरकार पनि १६ औं आवधिक योजना बनाउने तयारीमा रहेको छ । प्रदेश र केन्द्रले आवधिक योजनामा प्रशासनिक खर्च कम र पुँजीगत खर्च बढी हुनेगरी योजना ल्याउन रुपन्देहीको सैनामैना नगरपालिकाका प्रमुख फणेन्द्रप्रसाद शर्माले सुझाव दिए । प्रदेश सरकारले महत्वकांक्षी योजनाभन्दा पनि पहिलो आवधिक योजनाको कार्यान्वयनको समीक्षा गर्दै दोस्रो आवधिक योजना बनाउनुपर्ने उनको सुझाव छ । -रासस


## शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०८०/१२/०९*

यस कार्यालयको चालु आ.व. २०८०/०८१ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आधुनिक प्रविधि भित्राउने लघु, घरेलु तथा साना उद्योगहरुलाई सहयोग कार्यक्रम अन्तर्गत विभिन्न मेशिनरी उपकरणहरु (जुकि सिलाई मेशिन, पावर स्प्रे, च्यापकटर, मिनि टिलर, स्टिल चेन्सो, पाइप वेण्डिङ्ग, साइजर, डिजिटल तराजु, मिनिटिलर, उड वर्किङ्ग लगायत) शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८०/१२/२३ गते कार्यालय समय) भित्र आवेदन फाराम खरिद गरी मिति २०८०/१२/२५ गते १२ बजे भित्र तोकिएको जमानत दाखेला गरी कार्यालयमा उपस्थित भई शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**दरभाउपत्र दस्तुर :-** रु. १०००।-

दरभाउपत्र आवेदन फाराम कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**दरभाउपत्र खोलिने मिति र स्थान :** मिति २०८०/१२/२५ गते दिउसो २ बजे कार्यालय

**नोटः** (थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको फोन नं.०७५-५२०२३२ वा मनोज घिमिरे मो.नं. ९८४७०६७५६४ मा सम्पर्क गर्न सकिनेछ ।)

*उद्योग अधिकृत*
*घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा*


खेलकुद समाचार

# सुदूरपश्चिमलाई हराउँदै आर्मी सेमिफाइनलमा



**काठमाडौं,** चैत ८/त्रिभुवन आर्मी क्लबले आठौं एनभीए भलिबल च्याम्पियनसिप अन्तर्गत पुरुषतर्फ चौथो क्वार्टरफाइनल खेलमा सुदूरपश्चिम प्रदेशलाई हराउँदै सेमिफाइनल प्रवेश गरेको छ । बिहीबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्ड हलमा भएको खेलमा आर्मीले सुदूरपश्चिमलाई ३-१ ले हराउँदै सेमिफाइनलमा नेपाल पुलिस क्लबसँग भेट पक्का गरेको हो ।

आर्मीले सुदूरपश्चिमलाई १९-२५, २५-२२, २३-२५, १७-२५ ले हरायो । पहिलो सेट आर्मीले सहज रुपमा जिते पनि दोस्रो सेटमा सुदूरपश्चिमले सुरुवातदेखि नै आर्मीलाई दबाबमा राखेको थियो । तीन अंकले पछि परेको आर्मीले १९-१९ बराबरी गरेको थियो । त्यसपछि भने सुदूरपश्चिमले २५-२२ मा रोक्दै सेट जितेर १-१ को बराबरी गरेको थियो । तेस्रो सेटमा आर्मीले सुरुवातमा ७-२ को अग्रता लिएको थियो । तर सुदूरपश्चिमले उत्कृष्ट पुनरागमन गरेपछि १०-१० बराबरी गरेको थियो । त्यसपछि सेटमा कडा प्रतिस्पर्धा भएको थियो । २३-२३ को अवस्थाबाट आर्मीले लगातार दुई अंक जोड्दै सेट जितेर २-१ ले अघि बढेको थियो । चौथो सेटमा भने आर्मीले सहज जितका साथ ३-१ ले खेल जितेको थियो । आज (शुक्रबार) पहिलो सेमिफाइनल खेलमा हेल्प नेपाल र गण्डकी प्रदेशबीच प्रतिस्पर्धा हुनेछ । अर्को सेमिफाइनलमा आर्मी र पुलिस भिड्नेछन् । फाइनल खेल शनिबार हुनेछ । महिलातर्फको फाइनल खेल पुलिस र एभरेष्ट भलिबल क्लबबीच हुनेछ । शुक्रबार तेस्रो स्थानको लागि महिलातर्फ न्यू डायमण्ड र एपीएफबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको महिला र पुरुष दुवैतर्फको विजेताले ५ लाख, दोस्रोले २ लाख ५० हजार र तेस्रो टोलीले १ लाख २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट पुरुष तथा महिला खेलाडीले समान ४० हजार रुपैयाँ पाउनेछन् । विधागत उत्कृष्ट सेटर, ब्लकर, सर्भर, स्पाइकर, लिबेरो र प्रशिक्षकले १५-१५ हजार प्राप्त गर्नेछन् ।


## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# नेप्से घट्यो, कारोबार रकम बढ्यो



**पाल्पा,** चैत ८/साताको अन्तिम सेयर कारोबार दिन बिहीबार नेप्से परिसूचक दोहोरो अंकले घटेको छ । नेप्से परिसूचक १५ दशमलव ७ अंकले घटेको हो ।

नेप्से घटेसँगै २ हजार ४८ दशमलव ५७ बिन्दुमा कायम भएको छ । अघिल्लो दिनको तुलनामा यो ०.७४ प्रतिशतले कम हो । अघिल्ला दुई दिन लगातार घटेको नेप्सेले बिहीबार पनि सोही प्रवृति पछ्याएको हो । बिहीबार नेप्से दोहोरो अंकले घटेपनि कारोबार रकममा भने उल्लेख्य सुधार भएको छ । उक्त दिन कारोबारमा आएकामध्ये ४९ वटा कम्पनीको सेयर मूल्य बढ्यो, १ सय ८७ कम्पनीको घट्यो भने बाँकी ८ वटा कम्पनीको सेयर मूल्य स्थिर छ । यस दिन ३ सय १५ कम्पनीको १ करोड ८५ लाख ५२ हजार ७ सय ५ कित्ता सेयर ४ अर्ब ३१ करोड ३० लाख १७ हजार ७ सय १३ रुपैयाँमा खरिद बिक्री भएको छ । अघिल्लो कारोबार दिन बुधबार ३ अर्ब ४९ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । दुई कम्पनीको मूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भयो । धवलागिरि लघुवित्त वित्तीय संस्था र सर्वोत्तम सिमेन्टको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । किसान लघुवित्त वित्तीयको ९.९१, कर्णाली डेभलपमेन्टको ९.२३ र उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थाको ९.२३ प्रतिशतले सेयर मूल्य बढेको हो । कारोबार रकमका आधारमा माछापुच्छ्रे बैंक अग्रस्थानमा रह्यो । सो कम्पनीको १ अर्ब २१ करोड मूल्य बराबरको सेयर कारोबार भयो । अधिकांश समूहको उपसूचक रातामै देखिएका छन् । ट्रेडिङबाहेक अन्य १२ वटा समूहको उपसूचक नकारात्मक देखिएका हुन् ।


## मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



## शिक्षक आवश्यकता

*मितिः २०८०/१२/०५*

प्रस्तुत विषयमा श्री सिद्धि माध्यमिक विद्यालय बगनासकाली ३ आर्यभञ्ज्याङ्ग पाल्पाको मिति २०८०/१२/०४ मा बसेको वि.व्य.स. को बैठकको निर्णय तथा बगनासकाली गाउँपालिकाको मिति २०८०/१२/०५ च.नं १२७० को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय ईकाइ पाल्पाको मिति २०८०/१२/०६ च.नं ९५१ को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह विज्ञान विषय अस्थायी(राहत) करार शिक्षक नियुक्त गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट दरखास्त अह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं.** : ०१/०८०/०८१, **तह** : मा.वि., **श्रेणी** : तृतीय, **किसिम** : राहत, करार, **विषय** : विज्ञान, **शैक्षिक योग्यता** : विज्ञान मूल विषय लिई स्नातक उत्तीर्ण

**उमेर** : १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको, **दरखास्त दस्तुर** : रु १०००/-

**तलब भत्ता** : नेपाल सरकारले तोके अनुसार

**निवेदन दिने अन्तिम मिति** : २०८०/१२/२३ गते (कार्यालय समयभित्र)

**सम्पर्क मिति** : २०८०/१२/२५ गते, **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक परेमा प्रयोगात्मक

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : नेपाली नागरिकताको प्रमाणपत्र शैक्षिक योग्यताका प्रमाण पत्रहरु अध्यापन अनुमति पत्रका २/२ प्रति प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरेको । (अन्तर्वातामा उपस्थित हुँदा सक्कल प्रमाणपत्रहरु अनिवार्य ल्याउनु पर्नेछ ।)

**सम्पर्क नं** : ९८४७०९८७०९, ९८५७०६०६४५

**नोट** : शिक्षक सेवा आयोगबाट प्रकाशित पछिल्लो करार सूचिका उम्मेदवार समेतको आवेदन परेमा आवेदक मध्ये वरियताको हिसावले अघिल्लो उम्मेदवारलाइ नियुक्ति गरिने छ र अन्यको आवेदन फिर्ता गरिनेछ ।

**श्री सिद्धि माध्यमिक विद्यालय**
बगनासकाली-३, आर्यभञ्ज्याङ्ग, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई